# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं

E-mail: info@rbcl.com.np, Website: www.rbcl.com.np

फोन नं. : ०१-४२५८८६६

फ्याक्स : ०१-४२५८७२१

पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.

## प्रेस विज्ञप्ति

## कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको तर्फबाट रु.२ करोड सहयोग ।

कोरोना भाईरस (कोभिड -१९) संक्रमण विश्वभर फैलिएको छ । जसको कारणबाट झण्डै ४७ हजार भन्दा बढि मानिसले ज्यान गुमाउनु परेको छ भने झण्डै १० लाख मानिस यसबाट संक्रमित भएका छन् ।

नेपालमा पनि यसको प्रभाव देखिन थालेको छ । जसको कारण नेपाल सरकारले संभावित संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि नीतिगत आधारहरु र कार्यान्वयनका लागि पूर्व तयारीका विविध कार्यक्रमहरु संचालन गरिरहेको छ । तीनवटै तहका सरकारहरुले आफ्नो प्रयासहरुलाई कोरोना भाईरस (कोभिड-१९)को रोकथाम, नियन्त्रण र उपचारमा केन्द्रित गरेका छन । यसै सन्दर्भमा, नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय बीमा कम्पनी लिमिटेडले पनि आफ्नो सामाजिक उत्तरदायित्वबाट टाढा रहन हुँदैन र सरकारले अंगिकार गरेको नीति तथा कार्यक्रमहरुमा सहभागी एवं सहकार्य गर्नु यसको दायित्व पनि हो । त्यसैले, नेपाल सरकार तथा प्रादेशिक सरकारहरुले स्थापना गरेको "कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा यस कम्पनीको तर्फबाट जम्मा रु २ करोड (अक्षरुपी रुपैंया दुई करोड मात्र) सहयोग गर्ने मिति २०७६/१२/२० गते बसेको सञ्चालक समितिले निर्णय गरेको छ । जसमा रु. २ करोड मध्ये नेपाल सरकारले स्थापना गरेको "कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु. १,६५,००,०००।०० (अक्षरुपी रुपैया एक करोड पैसठ्ठी लाख मात्र) र सातवटै प्रदेश सरकारले स्थापना गरेका कोषहरुमा प्रदेश सरकारलाई रु. ५ लाखका दरले रु.३५,००,०००।०० (अक्षरुपी रुपैया पैतिस लाख मात्र) सहयोग गर्ने निर्णय भएको छ ।

धन्यवाद !

मिति : २०७६/१२/२० गते विहीबार

राष्ट्रिय बीमा कम्पनी लिमिटेड